# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।०८।०७

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका पूर्वउपाध्यक्ष खिलबहादुर भण्डारीलाई उहाँको निवासमा एक्कासि प्रवेश गरेका सादा पोसाकका प्रहरीले दुर्व्यवहार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ ।

बुढानिलकण्ठ नगरपालिका-११ कपनस्थित आज दिउँसो पूर्वउपाध्यक्ष भण्डारीको घरमा केही महिनाअगाडि डेरा बसी छाडिसेकेका व्यक्तिको बारेमा सोधखोज गर्न एक्कासि पुगेका ५ जना सादा पोसाकका प्रहरीलाई के कसो भनी जानकारी लिन खोज्दा प्रहरीले उल्टै उहाँलाई दुर्व्यवहार गरेको पूर्वउपाध्यक्ष भण्डारीले महासंघलाई जानकारी गराउनु भएको छ ।

कुनै पनि व्यक्तिको घरमा पुगेर सोधखोज गर्दा प्रहरीबाट पदीय जिम्मेवारी वहन गर्दा मर्यादित भई प्रस्तुत हुनु पर्नेमा यस किसिमले दुर्व्यवहार गरिनु निन्दनीय र दुःखद् कार्य हो । महासंघ घटनाको छानबिन गरी दोषी प्रहरीमाथि विभागीय कारबाही गर्न र यस्ता कार्य नदोहोऱ्याउन सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ ।

रमेसन पुरी
महासचिव